# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १२ गते २०१० साल

## भाग १

### प्र. म. राज्य–व्यवस्थाको विज्ञप्ति

सरकारी जंगी निजामती कर्मचारीहरूलाई राजनैतिक दलका काम कारवाहीमा नलाग्नु भन्ने बराबर विज्ञप्ति इत्यादि भइरहेकोमा केही राजनैतिक दलहरूले जागीरदारहरूलाई सामूहिकरूपले वा व्यक्तिगत नाममा पर्चा छापी लेखी वा गस्ती चिठीहरूद्वारा श्री ५ महाराजाधिराजबाट वैधानिकरूपले खडा गरीबक्सेको सरकार प्रति विद्वेष, घृणा र अभक्ति पैदा गराउने प्रयास भई राखेको र हालै त्यस्तो काम कारवाही भइराखेको सूचना सरकारलाई प्राप्त भएकोले यस विज्ञप्तिद्वारा सबै सरकारीया जंगी निजामती जागीरदारहरूलाई सूचित गरिन्छ कि त्यस प्रकारको चिठी, पर्चा वा पुस्तिका आदि कुनै जागीरदारलाई व्यक्तिद्वारा हातैमा वा हुलाक-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

द्वारा आएमा समेत सदरमा भए आफ्ना तालुक अड्डा वा मन्त्रालयद्वारा र मोफसलमा भए जिल्ला, गौंडा, गोस्वारा मार्फत बाटोका म्याद बाहेक ३ दिन भित्र सरकारमा जाहेर गर्नू । सो नगरी कसैले बुझी दवाई छिपाई राखेको पछि उजूर परी ठहरिन आएमा निज कर्मचारीहरू पनि सो मिलेमतोमा लागी सरकार विरुद्ध काम गरेको ठहरी कारणी सरह नै दण्ड सजायका भागी हुनेछन् ।

आज्ञाले
अच्युतराज
सेक्रेटरी,
प्र. म. राज्यव्यवस्था

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा

८२